# प्रेस विज्ञप्ति

मिति : २०७९/१०/११

## नेपाल वायुसेवा निगम र नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस् (NATTA) बीच अर्न्तक्रिया कार्यक्रम

नेपाल वायुसेवा निगम र नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस्बीच मिति २०७९/१०/११ मा निगमको कार्यकारी अध्यक्षको उपस्थितिमा नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयमा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भयो । निगमका संचालक समितिका सदस्यहरु क्याप्टेन सुधिर राई तथा अमृत मान श्रेष्ठ लगायत सम्पूर्ण सम्वन्धित विभागीय प्रमुखहरु लगायतका वरिष्ठ अधिकृतहरुको उपस्थिति रहेको थियो । यस्तै नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस्का अध्यक्ष रमेश थापा सहित कार्यसमितिका पदाधिकारीहरुको पनि उपस्थिति रहेको थियो । उक्त अर्न्तक्रिया कार्यक्रममा निगमको टिकट बिक्री बृद्धि गर्नका साथै बढी भन्दा बढी विदेशी पर्यटकहरु भित्र्याउनका लागि निम्न विषयहरुमा छलफल भएको थियो ।

क) **Gross Fare** सम्वन्धमा ।

ख) न्यायोचित र सरलिकृत ढंगमा टिकटहरुको बिक्री व्यवस्थापन गर्ने ।

ग) ग्रुप फेयर सम्वन्धमा ।

घ) **Void Ticket Charge**, फ्लाईट सम्वन्धि प्रभावकारी जानकारी आदि विषयमा छलफल भयो ।

उपरोक्त लगायत अन्य विषयहरुमा १५ दिन भित्रमा समस्याहरु समाधान गर्ने गरी नेपाल वायुसेवा निगम र नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस्बाट दुवै पक्षका ४/४ जना सदस्यहरु रहने गरी निम्नानुसारको कार्यदल गठन गरिएको जानकारी गराइन्छ ।

नेपाल वायुसेवा निगमका तर्फबाट प्रतिनिधिहरु :

| | |
|---|---|
| श्री जनक राज कालाखेती | निर्देशक, वाणिज्य विभाग |
| श्री उमेश पौडेल | निर्देशक, अर्थ विभाग |
| श्री अनिल घिमिरे | निर्देशक, साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभाग |
| श्री सन्तोष पाण्डे | उप निर्देशक, वाणिज्य विभाग |

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस्का तर्फबाट प्रतिनिधिहरु :

| | |
|---|---|
| श्री प्रमोद दाहाल, | वरिष्ठ उपाध्यक्ष |
| श्री कुमार मणि थपलिया | महासचिव |
| श्री राजकुमार देवकोटा | कोषाध्यक्ष |
| श्री सवला भण्डारी | कार्यसमिति सदस्य |

नेपाल वायुसेवा निगम संस्थागत विभाग

अर्चना खड्का
प्रवक्ता
नेपाल वायुसेवा निगम